सिदिङ्वा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(पशु सेवा शाखा)
साब्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

✆अध्यक्ष- ९८०७९२८५५५
✆उपाध्यक्ष-९८५२६८११७१
✆प्र.प्र.अ- ९८५२६६०१५३
✆शाखा प्रा.-९८१७०१८९७२

सू. नं. ०२-२०७७/०७८ (पशु)

मिति - २०७७।१०।०९

विषय: **ऊन विकासका लागि भेडा प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धि सूचना।**

उपरोक्त सम्बन्धमा सिदिङ्वा गाउँपालिकाको चालु आ.व. २०७७/०७८ मा सशर्त अनुदान तर्फ निम्नलिखित कार्यक्रमहरु **"ऊन विकासका लागि भेडा प्रवर्द्धन कार्यक्रम कार्यसञ्चालन प्रक्रिया -२०७७"** वमोजिम कार्य गर्न ईच्छुक सहकारी संस्था,कृषक समुह /समितिहरुले यो सुचना प्रकाशित भएको १५ औ दिन भित्र तपशिल अनुसारका आवश्यक कागजात सहित यस सिदिङ्वा गाउँपालिका पशु सेवा शाखामा निवेदन दर्ता गर्नु हुन आव्हान गरीन्छ। साथै रीत नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

साथै थप जानकारीका लागी सम्पर्क नं. ९८४२०५०८५८

| क्र.स. | कार्यक्रम | संख्या | संघवाट विनियोजित वजेट(८०%) | कृषकहरुको सहभागिता (२०%) | न्युनतम शर्तहरु |
|---|---|---|---|---|---|
| १. | उन विकासका लागि भेडा प्रवर्द्धन कार्यक्रम | १ | ३०,००,०००।०० | ७,५०,०००।- | प्रति कृषक परिवार ४० माउ भेडा पालेको हुनुपर्ने। |

**आवश्यक कागजातहरु:**

१) अनुसुचि-३वमोजिमको निवेदन थान-१

२) सहकारी संस्था/कृषक समुह/ समितीको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी र सहकारीको हकमा कृषि तथा पशुपालन सञ्चालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपिहरु।

३) कृषक समुह/समिति/सहकारी संस्थाको कार्य समितिको निणर्यको प्रतिलिपी थान-१

४) कृषक समुह/समिति/सहकारी संस्थाको सदस्यहरुको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी थान-१

५) संक्षिप्त व्यवसायिक कार्ययोजना

६) स्थायी लेखा नं. को प्रतिलिपी

७) सम्वन्धित वडा कार्यालयको सिफारीस

८) व्यवसाय/कार्यक्रम संचालन गर्ने स्थानको जग्गा धनिपुर्जाको प्रतिलिपि वा सम्झौता पत्र

९) चालु आ.व.को लेखा परिक्षण प्रतिवेदन (समुह/ सहकारीको हकमा)

एन्जल वावु कार्की
पशु सेवा शाखा प्रमुख

सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

sidingbrmtpj@gmail.com | http://www.facebook.com/sidingbamun | http://www.sidingbamun.gov.np

अनुसूची-२

संक्षिप्त कार्ययोजनाको ढाँचा

१. व्यवसायको परिचय :

२. कार्यक्रम शुरु हुने मिति:

३. कार्यक्रम सम्पन्न हुने मिति:

४. लक्षित वर्ग र सम्भावित रोजगारीको विवरण :

५. संचालन गरिने क्रियाकलाप र लागत साझेदारीको विवरण:

| क्र.स. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | लाभग्राही तर्फको साझेदारी रकम रु. | स्थानिय तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची-३

ऊन विकासका लागि भेडा प्रवर्द्धन कार्यक्रम संचालनको लागि निवेदन पत्र

मिति: २०७७।   ।

श्रीमान प्रमुख ज्यु
सिदिङवा गाउँपलिका साब्लाखु, तापलेजुङ्।

विषय: ऊन विकासका लागि भेडा प्रवर्द्धन कार्यक्रम उपलव्ध गराईदिने वारे।

महोदय,
यस पालिकाको मिति २०७७।  ।  गतेको प्रकाशित सुचना अनुसार यस समुह/समिति/सहकारी संस्थाले ऊन विकासका लागि भेडा प्रवर्द्धन कार्यक्रम संचालन गर्न निम्नानुसार कागजात सहित निवेदन पेश गरेका छौ। कार्यक्रममा साझेदारीका लागि प्राप्त रकमको दुरुपयोग नगर्ने प्रतिवद्धता व्यक्त गर्दछौ।

संलग्न कागजातहरु :

१. समुह/समिति/सहकारी संस्थाको दर्ता प्रमाणपत्र र सहकारी संस्थाको हकमा कृषि/पशुपालन संचालन गर्ने उद्देश्य खुल्ने कागजातहरुको प्रतिलिपीहरु

२. समुह/समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपी

३. समुह/समिति/सहकारी संस्थाका सदस्यहरुको नामावली

४. अन्य आवश्यक कागजातहरु (स्थानिय तहको आवश्यकता अनुसार)